# प्रभु बैंक लिमिटेड

## काठमाडौं ११, बबरमहल

## सोह्रौं बार्षिक बार्षिक साधारण सभाको निर्णय (माइन्यूट) विवरण

१. **सभाको बैधानिकता र सभा सञ्चालन :**

यस प्रभु बैंक लिमिटेडको मिति २०७५/१/१९ गते बसेको सञ्चालक समितिको एक सय पन्ध्रौं बैठकको निर्णय अनुसार सोह्रौं बार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री देवी प्रकाश भट्टचनज्यूको अध्यक्षतामा आज मिति २०७५ साल जेष्ठ १० गते बिहिवार तदनुसार सन् २०१८ मे २४ तारेखका दिन बैंकको केन्द्रिय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११, बबरमहलमा बस्यो । पूर्व निर्धारित बिषयहरु उपर दिनको १:०० बजेबाट दिनको ४:३० बजेसम्म छलफल भई देहाय बमोजिमका काम कारवाही सम्पन्न भयो । साधारण सभाका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना पठाइएको, बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५३.८१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल १,१४१ जना शेयरधनीहरु (स्वयं तथा प्रतिनिधी (प्रोक्सी) मार्फत) उपस्थित भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम उपस्थित शेयरवालाहरुले साधारण सभा बैधानिक भएको यकिन गरे पश्चात कम्पनी सचिवले सभा बैधानिक भएको कुरा अवगत गराउनुभयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ (३) को प्रावधान बमोजिम शेयरधनी महानुभावहरुको उपस्थितिको लागि सोह्रौं बार्षिक साधारण सभा हुने मिति, स्थान र समय तथा छलफल हुने बिषयहरु सहितको विवरण खुलाई मिति २०७५/१/२० गतेको अन्नपुर्ण पोष्ट दैनिकमा पहिलो पटक र मिति २०७५/१/२१ गतेको आर्थिक अभियान दैनिकमा दोश्रो पटक सूचना प्रकाशित गरिएकोमा सो सूचना र साधारण सभासँग सम्बन्धित कागजात शेयरधनीहरुको दर्ता किताबमा उल्लेखित ठेगानामा पठाइनुका साथै बैंकको वेवसाइट www.prabhubank.com मा राखिएको र सभामा उपस्थित शेयरधनीहरुले प्राप्त गर्नेगरी हाजिर पुस्तिका राखिएको स्थानबाट समेत वितरण गरिएको थियो ।

३. **छलफलका विषयहरु :**

(क) **सामान्य प्रस्ताव :**

१. आ.व.०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ.व.०७३/०७४ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.२०७३/७४ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.०७४/०७५ को लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. सञ्चालकहरुको नियुक्ती अनुमोदन गर्ने ।

६. डिवेञ्चर तथा वण्ड जारी गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. सार्वजानिक निष्काशन गरिएका धितोपत्रहरुको निष्कासन हुँदाका बखत लगानीकर्ताबाट दरखास्त संकलन (Application Supported by Blocked Amount) गर्ने व्यवस्था थपगरी प्रवन्धपत्र संसोधन गर्ने

२. प्रवन्धपत्र तथा नियमावलीको बिभिन्न दफा/नियममा रहेका "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३" लाई "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३" हुनेगरी संशोधन गर्ने ।

PRABHU BANK
Head Office

३. सञ्चालक समितिमा कम्तिमा १ जना महिला रहनेगरी नियमावली संसोधन गर्ने ।

४. बैंकले अन्य बैंक तथा वित्तीय संस्था एक्विजिसन (प्राप्ति) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने, अन्य बैंक तथा वित्तीय संस्थाहरु एक्विजिसन (प्राप्ति) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र एक्विजिसन (प्राप्ति) तथा खरिद सम्बन्धी आवश्यक प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. प्रवन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रवन्धपत्र र नियमावली संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

७. विविध ।

४. <u>उपस्थिति</u> :

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री देवी प्रकाश भट्टचन | अध्यक्ष |
| २. श्री पुष्प बहादुर प्रधान | सञ्चालक |
| ३. श्री अम्बिका शर्मा लामिछाने | सञ्चालक |
| ४. श्री रमेश सिंह खड्का | सञ्चालक |
| ५. श्री शंकर प्रसाद कालिकोटा | सञ्चालक |
| ६. श्री अन्जु अधिकारी | सञ्चालक |

**(ख) कम्पनी सचिव**

| | |
|---|---|
| १. श्री अमित भण्डारी | कम्पनी सचिव |

**(ग) उपस्थित अतिथीहरु :**

| | |
|---|---|
| १. श्री राम प्रसाद दाहाल | पुर्व अध्यक्ष किष्ट बैंक लिमिटेड |
| २. श्री स्वरुप गुरुङ्ग कोने | पुर्व अध्यक्ष ग्राण्ड बैंक लिमिटेड |
| ३. श्री अजय प्रसाद ढकाल | पुर्व अध्यक्ष जेनिथ फाइनान्स लिमिटेड |
| ४. श्री करुणा गोविन्द श्रेष्ठ | पुर्व अध्यक्ष वैभव फाइनान्स लिमिटेड |
| ५. वरिष्ठ अधिवक्ता श्री शम्भु कुमार थापा | कानूनी सल्लाहाकार |
| ६. अधिवक्ता श्री भिमसेन वन्जारा | कानूनी सल्लाहाकार |

**(घ) बैंक (कम्पनी) का पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री अशोक शेरचन | प्रमुख कार्यकारी अधिकृत |

**(ङ) पर्यवेक्षक/प्रतिनिधिहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री राजन कुमार बस्नेत | पर्यवेक्षक - कम्पनी रजिष्ट्रारको कार्यालय |

५. **<u>गणपुरक संख्या प्रतिशत</u>** :

| | |
|---|---|
| शेयरधनीहरुको संख्या | १,१५,७९१ |
| संस्थापक शेयरधनीहरुको संख्या | ७६१ |

PRABHU BANK
Head Office

| | |
|---|---|
| सर्वसाधारण शेयरधनीहरुको संख्या | १,१५,०३० |
| उपस्थित शेयरधनीहरुको संख्या | १,१४१ |
| स्वयम् उपस्थित शेयरधनीहरुको संख्या | १,१२२ |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या | १९ |
| स्वयं उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | १,७४,७४,६५१ |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | २,५५,८३,६८४ |
| कूल प्रतिनिधित्व भएको शेयर संख्या | ४,३०,५८,३३५ |
| शेयरधनीहरुले प्रतिनिधित्व गरेको शेयरको प्रतिशत | ५३.८१ |

६. **सभा सञ्चालन** :

(क) उद्घोषक कम्पनी सचिवले सभालाई बैधानिकता प्रदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम साधारण सभाको अध्यक्षता गर्न सञ्चालक समितिका अध्यक्ष श्री देवी प्रकाश भट्टचनज्यूलाई अनुरोध गर्नुभयो ।

(ख) अध्यक्षज्यूले साधारण सभामा उपस्थित बैंकका सञ्चालकहरु, आमन्त्रित अतिथीहरु, कम्पनी रजिष्ट्रारको कार्यालयबाट उपस्थित प्रतिनिधी, साधारण सभामा सहभागी संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, बैंकका प्रमुख कार्यकारी अधिकृतले आसन ग्रहण गरे पश्चात पूर्व निर्धारित बिषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि साधारण सभा सञ्चालन कम्पनी सचिवलाई अनुमति प्रदान गर्नुभयो ।

७. **प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तव्य** :

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचनले सोहौं बार्षिक साधारण सभामा उपस्थित सञ्चालक समितिका अध्यक्ष, सञ्चालक, शेयरधनी महानुभावहरु, बिभिन्न निकायहरुबाट उपस्थित पर्यवेक्षक एवं प्रतिनिधिहरु, पत्रकार, बैंकका कर्मचारीहरुलाई स्वागत गर्दै नेपाल राष्ट्र बैंकले तोकेको समयावधिभित्र चुक्ता पूँजी नपुगेको हुँदा कम्पनी ऐनले निर्धारण गरेको समयभित्र सोह्रौं बाषिक साधारण सभा गर्न नसकिएको जानकारी गराउँदै, बैंकको वर्तमान वित्तीय अवस्था एवं बैंकसँग सम्बन्धित विविध पक्ष तथा नयाँ योजनाहरुको बारेमा प्रकाश पार्नुभयो । नेपाल राट्र बैंकको निर्देशन बमोजिम देशका बिभिन्न ११ वटा गाउँपालिकामा शाखा खोलिएको र आगामी असार मसान्तभित्र थप १५ वटा गाउँपालिकामा शाखा खोल्ने लक्ष राखिएको जानकारी दिनुभयो । बैंकको व्यापार विस्तार गर्न भविष्यमा डिवेन्चर तथा बण्ड निष्काशन गरिने, निकट भविष्यमा सञ्चलनमा आउने Infrastructure Bank मा लगानी गर्ने प्रतिवद्धता व्यक्त गरिएको, प्रभु क्यापिटल लिमिटेड, प्रभु इन्स्योरेन्स लिमिटेड र प्रभु लाईफ इन्स्योरेन्स लिमिटेडमा लगानी गरिएको, बिभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग सहकार्य गरी देशका बिभिन्न स्थानमा शाखा तथा शाखारहित बैंकिङ्ग (Branchless Banking) सेवा सञ्चालन गरिएको, आफ्नै ब्राण्डको रुपिया कार्ड प्रचलनमा ल्याइएको, अन्तर्राष्ट्रिय ब्राण्डको Master Card को प्रिन्सिपल एजेन्टको रुपमा काम गर्न अन्तिम सम्झौता गरिएको र China Union Pay सँग समेत प्रिन्सिपल एजेन्टको रुपमा काम गर्न प्रारम्भिक सम्झौता गरिएको जानकारी गराउनुभयो । बैंकले आगामी दिनमा राम्रो प्रगती गर्नेगरी अघि बढिरहेको विचार व्यक्त गर्दै सोह्रौं बार्षिक साधारण सभा भव्यरुपमा सफल पार्न शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

८. **सभामा प्रस्तावहरुको प्रस्तुति** :

(क) सभामा सञ्चालक समितिको तर्फबाट सभाका अध्यक्षज्यूले बैंकको आ.व.०७३/०७४ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

(ख) सभामा उद्घोषण गरिरहनु भएका कम्पनी सचिवले साधारण सभाका अध्यक्षज्यूको आदेशानुसार माथि ३ नंवरमा उल्लेखित छलफलका बिषयहरु उपर शेयरधनी महानुभावहरुलाई आफ्नो, प्रश्न, जिज्ञासा, सुझाव प्रस्तुत गर्न र प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न फ्लोर (Floor) खुला गरेको जानकारी गराउँदै छलफलको कार्यक्रम अगाडि बढाउन अनुरोध गर्नुभयो ।

prabhu Bank
Head Office

९. शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य :

सभाका अध्यक्षज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुती पश्चात सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफलका लागि शेयरधनीहरु डा. श्री माधव कुमार श्रेष्ठ, श्री अमृतनाथ रेग्मी, श्री शिव प्रसाद पौडेल, मेजर श्री कुवेर श्रेष्ठ, श्री कृष्ण प्रसाद अधिकारी, अधिवक्ता श्री अशोक उप्रेती, श्री नरसिंह लाल चँखू, श्री दिवाकर खड्का, श्री बैजुनाथ रौनियार, श्री चन्द्र नारायण श्रेष्ठ, सि.ए श्री ध्रुव नारायण कर्माचार्य, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री रघु विष्ट समेत १३ जना शेयरधनी महानुभावहरु सभामा सक्रिय रुपमा सहभागी भई आ-आफ्नो राय सुझाव, जिज्ञासा, टिप्पणी सहितका मन्तव्य ब्यक्त गर्नुभयो ।

बैंकको जगेडा कोष बृद्धि गर्न र Cost of Fund घटाउन पहल गर्नुपर्ने, अघिल्लो आर्थिक बर्षकोभन्दा निष्कृय कर्जा सापट (Non Performing Loan) घटेको भएतापनि त्यसलाई अझ घटाउन पहल गर्नुपर्ने, कर्मचारी खर्च र अन्य सञ्चालन खर्च बढि देखिएको हुँदा सो घटाउनुपर्ने, सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता रकम बृद्धि भएकोमा स्वागत योग्य रहेको, बैंकले योग्य तथा सक्षम कर्मचारीहरुलाई सेवाबाट बाहिरिन रोक्नुपर्ने, बैंकले लगानी गरेको शेयर उचित समयमा बिक्रि गरी नाफा गर्नुपर्ने, गैर बैंकिङ्ग सम्पत्ति बिक्री गरी नाफा बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने, शेयरधनीहरुले बुझिलिन बाँकी लाभांश रकमको जानकारीको लागि सूचना प्रकाशन तथा प्रसारण गराई वितरण गर्ने व्यवस्था गर्नुपर्ने, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले रकम खर्च गर्दा बैंकको बिज्ञापन हुने किसिमले काम गर्नुपर्ने, बैंकको Branding का लागि आवश्यक पहल गर्न, अघिल्ला बर्षहरुमा अपलेखन (Write Off) गरिएका कर्जा उठाउन बैंकले गरेको प्रयासका सम्बन्धमा जानकारी गराउन साथै अपलेखन गरिएका कर्जा असुल उपर गर्न र उठ्न बाँकी ब्याज उठाउन बिशेष पहल गर्नुपर्ने, आगामी दिनमा बैंकको बार्षिक प्रतिवदेन शेयरधनीहरुले समयमै पाउने व्यवस्था गर्न र बैंकको गतिविधी तथा सम्पुर्ण तथ्याङ्कहरु बैंकको वेवसाइटमा राख्ने व्यवस्था मिलाउन सुझाव दिनुभयो ।

बैंकको शाखा सञ्जाल ठुलो हुँदै गएकाले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी सुक्ष्म निगरानी गर्नुपर्ने, संस्थागत सुशासन तर्फ विशेष रुपमा ध्यान दिनुपर्ने, बैंकले अन्य बैंक तथा वित्तीय संस्था एक्विजिसन (प्राप्ति) तथा खरिद सम्बन्धी प्रस्ताव पेश गरिएकोमा अन्य बैंक तथा वित्तीय संस्था एक्विजिसन (प्राप्ति) गर्ने सम्बन्धमा प्रकृया अघि बढाइएको भए सो सम्बन्धमा जानकारी गराउन र बैंकले लामो समयदेखि लाभांश वितरण नगरेकाले आगामी बर्ष लाभांश वितरण गर्न अनुरोध गर्नुभयो ।

१०. सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य उपर अध्यक्षज्यूको जवाफ :

नेपाल राष्ट्र बैंकले तोकेको समयावधिभित्र चुक्ता पूँजी नपुगेको कारणले नेपाल राष्ट्र बैंकले बार्षिक साधारण सभा गर्न स्वीकृति प्रदान नगरेको हुँदा कम्पनी ऐनले निर्धारण गरेको समयावधिभित्र सोह्रौं बाषिक साधारण सभा गर्न नसकिएकोमा अघिल्लो बार्षिक साधारण सभाको निर्णय बमोजिम ४० प्रतिशत हकप्रद शेयर बाँडफाँड पश्चात बैंकको चुक्ता पूँजी रु.८ अर्व पुगेकाले नेपाल राष्ट्र बैंकले बार्षिक साधारण सभा गर्न स्वीकृति प्रदान गरेको हुँदा ढिलोगरी साधारण सभा बोलाइएको, आगामी बर्षदेखि ऐनले तोकेको म्यादभित्र बार्षिक साधारण गरिने तथा बार्षिक प्रतिवदेन शेयरधनीहरुले समयमै पाउने व्यवस्था गरिने, बैंकको निष्कृय कर्जा सापट (Non Performing Loan) क्रमशः घटिरहेको, निष्कृय कर्जा र उठ्न बाँकी ब्याज असुली भईरहेको हुँदा सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता रकममा बृद्धि भएको, बैंकको Branding का लागि आवश्यक पहल गरिने, बैकको जगेडा कोष बृद्धि गर्न र Cost of Fund घटाउन पहल गरिने, नेपाल राष्ट्र बैंकको नीति बमोजिम बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिसन) गर्ने प्रस्ताव साधारण सभामा ल्याइएकोमा अन्य संस्था प्राप्ति सम्बन्धी प्रकृया अघि बढाउन बाँकी रहेको, Infrastructure Bank मा लगानी गर्ने प्रविद्धता व्यक्त गरिएको, बैंकका योग्य तथा सक्षम कर्मचारीहरुलाई सेवाबाट बाहिरिन रोक्न पहल गरिने, गैर बैंकिङ्ग सम्पत्ति बिक्री गरी नाफा बृद्धि गर्न ध्यान दिइने, शेयरधनीहरुले बुझिलिन बाँकी लाभांश रकमको जानकारीको लागि सूचना प्रकाशन तथा प्रसारण गराई वितरण गर्ने व्यवस्था गरिने, बैंक व्यवस्थापनको निर्णय बमोजिम आवश्यकता अनुसार संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक कार्य गरिरहेको, थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने सम्बन्धमा अध्ययन भईरहेको, संस्थापक शेयरधनीहरुको ५१ प्रतिशत रहनेगरी शेयर स्वामित्व संरचना परिवर्तन गर्ने प्रकृया अघि बढाइएको, प्रचलित कम्पनी ऐनको व्यवस्था बमोजिम सञ्चालक समितिमा कम्तिमा १ जना महिला रहनेगरी नियमावली संसोधन गरिने, अपलेखन (Write Off) गरिएका कर्जा र उठ्न बाँकी रहेको ब्याज उठाउन पहल गरिरहेको,

prabhu Bank
Head Office

आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी सुक्ष्म रुपमा निगरानी गरिरहेको र आगामी बर्ष लाभांश वितरण गरिने, बिमा व्यवसायको बढ्दो बजारलाई दृष्टीगत गरी प्रभु लाइफ ईन्स्योरेन्स लिमिटेडमा लगानी गरिएको, Cashless Transaction को प्रयोगलाई ध्यानमा राखि Master Card को प्रिन्सिपल एजेन्टको रुपमा कार्य गर्न अन्तिम सम्झौता गरिएको जानकारी गराउँदै शेयरधनीहरुबाट प्राप्त अन्य अमूल्य सुझावहरुलाई समेत आगामी दिनमा यथासंभव कार्यान्वयन गर्दै लगिने ब्यहोरा साधारण सभालाई जानकारी गराउनुभयो ।

११. <u>साधारण सभाको निर्णय</u> :

**(क) सामान्य प्रस्ताव :**

१. आ.व.०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल पश्चात सञ्चालक समितिको प्रतिवेदन पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा आ.व.०७३/०७४ को सञ्चालक समितिको प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. यस बैंकको आ.व.०७३/०७४ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची उपर छलफल पश्चात आ.व.०७३/०७४ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा यस बैंकको आ.व.०७३/०७४ को वासलात, नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका संलग्न अनुसुची सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.०७३/०७४ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण उपर छलफल पश्चात एकिकृत वित्तीय विवरण पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको आ.व.०७३/०७४ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.०७४/०७५ को लागि लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षक नियुक्त गरी र निजको पारिश्रमिक निर्धारण गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले प्रस्ताव राख्नु भएकोमा यस बैंकको आ.व.०७४/०७५ को लेखापरीक्षण गर्न लेखापरीक्षक K.A.S. Associates बानेश्वर, काठमाडौंका श्री विनय प्रकाश श्रेष्ठलाई लेखापरीक्षण शुल्क मूल्य अभिवृद्धी कर बाहेक रु.१२,००,०००/- र अन्य खर्च देहाय बमोजिम प्रदान गर्नेगरी लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरियो ।

<u>अन्य खर्च</u>

अ. हवाई टिकट : बैंक आफैले प्रदान गर्ने वा लेखापरीक्षकले बोर्डिङ पास सहित हवाई टिकटको बील पेश गरेपश्चात सोधभर्ना गर्ने ।

आ. अडिटमा संलग्न फर्मका कर्मचारीलाई बैंकले खाजा उपलब्ध गराउने ।

इ. उपत्यका बाहिरका शाखाको लेखापरीक्षण गर्दा देहाय बमोजिम हुनेगरी भ्रमण भत्ता उपलब्ध गराउने

- फर्मका प्रिन्सिपल वा पार्टनरलाई प्रतिदिन मुल्य अभिवृद्धी कर समेत रु.७,५००/-
- चार्टर्ड एकाउन्टेन्ट वा टोली प्रमुखलाई प्रतिदिन मुल्य अभिवृद्धी कर समेत रु.७,०००/-
- चार्टर्ड एकाउन्टेन्ट वा टोली प्रमुख बाहेक अन्य सदस्यलाई प्रतिदिन मुल्य अभिवृद्धी कर समेत रु.६,०००/-

५. सञ्चालकहरुको नियुक्ती अनुमोदन गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव उपर छलफल गरी सर्वसाधारण शेयरधनीको समूह **"ख"** बाट निर्वाचित नेपाल मनि रेमिट प्रा.लि.का तर्फबाट नियुक्त प्रतिनिधी श्री शंकर प्रसाद कालिकोटा र सर्वसाधारणको शेयरधनीको समूह **"ख"** बाट निर्वाचित ई.सि.एस. मनि ट्रान्सफर प्रा.लि.का तर्फबाट नियुक्त प्रतिनिधी श्री अन्जु अधिकारीलाई बैंकको सञ्चालक समितिमा गरिएको नियुक्तीलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो ।

PRABHU BANK
Head Office

६. डिवेञ्चर तथा वण्ड जारी गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव उपर छलफल गरी बैंकको व्यवसाय विस्तार गर्न रु.१,००,००,००,०००/- (रु.एक अर्व मात्र) को डिवेञ्चर तथा वण्ड जारी गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव :**

१. सार्वजानिक निष्काशन गरिएका धितोपत्रहरुको निष्कासन हुँदाका बखत लगानीकर्ताबाट दरखास्त संकलन (Application Supported by Blocked Amount) गर्ने व्यवस्था थपगरी प्रवन्धपत्र संसोधन गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

सार्वजानिक निष्काशन गरिएका धितोपत्रहरुको निष्कासन हुँदाका बखत लगानीकर्ताबाट दरखास्त संकलन (Application Supported by Blocked Amount) गर्ने व्यवस्था थपगरी प्रवन्धपत्र संसोधन गर्ने प्रस्ताव पारित गरिएकाले प्रवन्धपत्रको दफा ५ (कक) (३) पछि निम्नानुसार थप गर्ने निर्णय गरियो ।

**<u>प्रवन्धपत्रको दफा ५ (कक) (३) पछि गरिएको थप</u> :**

५ (कक) (४) : धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्थाको अधीनमा रहि नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भई सार्वजनिक निष्काशन गरिएका धितोपत्रहरुको निष्कासन हुँदाका बखत लगानीकर्ताबाट दरखास्त संकलन (Application Supported by Blocked Amount) तथा तत्सम्बन्धी कार्यहरु गर्ने ।

२. प्रवन्धपत्र तथा नियमावलीको बिभिन्न दफा/नियममा रहेका "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३" लाई "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३" हुनेगरी संशोधन गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले राख्नुभएको प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

प्रवन्धपत्र तथा नियमावलीको बिभिन्न दफा/नियममा रहेका "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३" लाई "बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३" हुनेगरी संशोधन गर्ने प्रस्ताव पारित गरिएकाले प्रवन्धपत्रको दफा ११ (१४) र नियमावलीको नियम ५० (१०) पछी निम्नानुसार थप गर्ने निर्णय गरियो ।

**<u>प्रवन्धपत्रको दफा ११ (१४) पछि गरिएको थप</u> :**

११ (१५) प्रवन्धपत्रको बिभिन्न दफामा रहेका बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को सट्टामा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ हुने ।

**<u>नियमावलीको नियम ५० (१०) पछी गरिएको थप</u> :**

५० (११) नियमावलीको बिभिन्न नियममा रहेका बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को सट्टामा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ हुने ।

३. सञ्चालक समितिमा कम्तिमा १ जना महिला रहनेगरी नियमावली संसोधन गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले राख्नुभएको प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

सञ्चालक समितिमा कम्तिमा १ जना महिला रहनेगरी नियमावली संसोधन गर्ने निर्णय गरिएकाले नियमावलीको नियम २७ (१) र (२) मा निम्नानुसार हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

**<u>नियमावलीको नियम २७ (१) र (२) मा गरिएको संसोधन</u> :**

२७. **<u>सञ्चालक समितिको गठन, संख्या र कार्यकाल</u>** : (१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र सञ्चालकको नियुक्ति समितिले गर्नेछ ।

Prabhu Bank
Head Office

(२) यस बैंकमा कम्तिमा १ जना महिलासहित ७ जनाको सञ्चालक समिति हुनेछ । जसमा संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट मनोनित/निर्वाचित २ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।

४. बैंकले अन्य बैंक तथा वित्तीय संस्था एक्विजिसन (प्राप्ति) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले राख्नुभएको प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

५. बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने, अन्य बैंक तथा वित्तीय संस्थाहरु एक्विजिसन (प्राप्ति) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र एक्विजिसन (प्राप्ति) तथा खरिद सम्बन्धी आवश्यक प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस भनि अध्यक्षज्यूले सभा समक्ष राख्नु भएको प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

६. प्रवन्धपत्र र नियमावलीमा गरिने संशोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रवन्धपत्र र नियमावली संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस भनि सभा समक्ष अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**(ग) विविध :**

१२. सभाको अन्त्यमा अध्यक्षज्यूले संस्थापक तथा सर्वसाधारण शेयरधनी, सञ्चालक, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, ग्राहकवर्ग, बैकका शुभचिन्तक लगायत अतिथीहरुप्रति आभार व्यक्त गर्दै सोह्रौं बार्षिक साधारण सभामा सहभागी भई आफ्नो अमूल्य सुझाव प्रस्तुत गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नुहुने शेयरधनी महानुभावहरु, कम्पनी रजिष्ट्रारको कार्यालयबाट उपस्थित पर्यवेक्षक, पत्रकार, तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिंदै सोह्रौं बार्षिक साधारण सभा समापन गर्नुभयो ।

(अमित भण्डारी)
कम्पनी सचिव

Prabhu Bank
Head Office

(देवी प्रकाश भट्टचन)
अध्यक्ष